जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक ८ | २०७८ साल साउन ११ गते सोमबार (26 July 2021 Monday) | मूल्य रु. ५/-

**लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार**

लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ । लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन कानूनतः दण्डनीय छ । गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं । स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : तराई-मधेश क्षेत्रको समृद्धिको ... ३ पृष्ठमा : डेढ खर्ब लगानीका ... ३ पृष्ठमा भारतमा चार करोड ३३ ...

# जसपा ठाकुर पक्षले दिएको निवेदनमा अन्तरिम आदेश भएन

**दैनिक समाचारदाता**
**राजविराज, १० साउन ।**

जनता समाजवादी पार्टीका महन्थ ठाकुर पक्षले सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदनमा अन्तरिम आदेश भएन् ।

न्यायाधीश कुमार रेग्मीको एकल इजलासले आइतबार निवेदकको माग बमोजिम अन्तरिम आदेश दिन अस्वीकार गर्दै साउन १५ गते दुबै पक्षलाई छलफलका लागि बोलाएको छ ।

यस्तै विपक्षीको हकमा यसबारे १५ दिनभित्र आन्तरिम आदेश किन दिन नपर्ने हो भन्नेबारे महान्यायाधिवक्ताको कार्यालयमार्फत जवाफ पेश गर्न पनि भनिएको छ ।

जसपा २०७७ असार २४ मा निर्वाचन आयोगमा दर्ता भएको थियो । सो दलको आधिकारिकता सम्बन्धी विवाद निरुपण गर्ने प्रयोजनको लागि आयोगले 'केन्द्रिय कार्यकारिणी समितिका सदस्य स्वयं उपस्थित भई सनाखत गर्नुपर्ने देखिएको' भन्दै एकीकरण हुँदा बखत सनाखत गरेका सदस्यलाई साउन ११ मा बोलाएको थियो ।

कार्यकारिणी समितिका सदस्यहरु नागरिकतासहित उपस्थित हुनुपर्ने आयोगको निर्णयपछि आफूलाई 'अन्याय भएको' भन्दै ठाकुरले आयोग र उपेन्द्र यादवलाई विपक्षी बनाएर सर्वोच्चमा रिट दायर गरेका थिए ।

# सप्तरीमा ४० मा २५ संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, १० साउन ।**

सप्तरीमा आइतबार २५ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका अनुसार ४० जनाको परिक्षण गर्दा २५ जनामा संक्रमण पुष्टि भएको हो ।

स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जिल्लामा संक्रमित हुनेको संख्यामा बढ्नु भनेको महामारी कायमै रहेकोले यसप्रति सचेत र स्वास्थ्य मापदण्डको अनिवार्य रुपमा पालना गर्न सबैसँग पुनः आग्रह गरे ।

यता पछिल्लो २४ घण्टामा नेपालमा २ हजार २ सय ३७ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा १३ हजार ८३४ जनाको आरटी-पीसीआर र एन्टिजेन परीक्षण गर्दा २ हजार २३७ जनामा कोरोना संक्रमण पुष्टि भएको हो ।

मन्त्रालयका अनुसार १० हजार ५६९ जनाको आरटी पीसीआर विधिबाट परीक्षण गर्दा १ हजार ५३९ जना र ३ हजार २६५ जनाको एन्टिजेन विधिबाट परीक्षण गर्दा ६ सय ९८ जनामा कोरोना संक्रमण पुष्टि भएको हो ।

*बाँकी अन्तिम पृष्ठमा*

# फणिन्द्रमणि पोखरेल गृहमन्त्रालयको प्रवक्ता

**दैनिक समाचारदाता**
**राजविराज, १० साउन ।**

केही दिन अघि मात्र सप्तरीका प्रमुख जिल्ला अधिकारी समेत रहेका कारागार व्यवस्थापन विभागका महानिर्देशक फणिन्द्रमणि पोखरेल गृहमन्त्रालयको




प्रवक्ताको जिम्मेवारी पाएका छन् ।

सहसचिव पोखरेललाई मन्त्रालयको शान्तिसुरक्षा महाशाखाको प्रमुखसहित प्रवक्ताको जिम्मेवारी दिने निर्णय गरिएको गृह श्रोतले जनाएको छ । पोखरेलले तराईका ५ र पहाडी क्षेत्रका दुईवटा जिल्लाको प्रमुख जिल्ला अधिकारी भएर काम गरिसकेका छन् ।

त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रमा स्नातकोत्तर गरेका पोखरेलले कोशी बाढी पीडितको राहतमा पनि सक्रिय भइ काम गरेका थिए । उनले गण्डकी प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा सचिवको रुपमा कार्यभार समालेका थिए ।




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौं

## सम्पादकीय

### तेश्रो लहरप्रति सबै सचेत रहौं

विगत दुई वर्षदेखी पुरै विश्व कोरोना महामारीको चपेटमा परेको छ । पहिलोपछि दोश्रो लहरको महामारी अन्तिम चरणमा रहेसँगै तेश्रो लहरको महामारी केही मुलुकमा देखा परिसकेको छ । नेपालमा भने पहिलो भन्दा दोश्रो लहरको महामारीले निकै मानविय क्षति पुऱ्याएको छ ।

नेपालमा दोश्रो लहर अन्तिम अवस्थामा रहेपनि तेश्रो लहरप्रति सबैलाई सचेत रहन स्वास्थ्य मन्त्रालयले आग्रह गरेको छ । सरकारले महामारी नियन्त्रण तथा रोकथामका लागि लगाएको लकडाउनलाई खुकुलो पारे पनि महामारीको प्रकोप भने कायमै रहेको छ । जसकारण मानिसहरुलाई स्वास्थ्य मापदण्डको पालना गर्नु पनि उत्तिकै आवश्यक छ । हाल महामारी पूर्ण रुपले समाप्त भएको छैन् । यसको प्रकोप कायमै छ भने महामारीले तेश्रो चरणमा कस्तो रुप देखाउछ भन्ने कुराको कसैले कल्पना समेत गरेको छैन् । सोही कारणले सरकारले सबैलाई तेश्रो लहरप्रति सचेत हुन आग्रह गरिरहेको छ ।

महामारी कुनै समय वा मिति तोकेर नआउने भएकोले त्यसप्रति आफै सचेत र सजग हुनु आवश्यक छ । तसर्थ सरकारले तोकेको स्वास्थ्य मापदण्ड महामारी पूरै नियन्त्रण नआउन्जेलसम्म अपनाउनु उत्तिकै आवश्यक छ ।

# तराई-मधेश क्षेत्रको समृद्धिको आधार बन्दै हुलाकी राजमार्गको 'फिडर रोड'

काठमाडौँ, १० साउन (रासस) ।

हुलाकी राजमार्ग आयोजनाअन्तर्गत निर्माण भएका मुख्य र सहायक सडक तराई-मधेश क्षेत्रको समृद्धिके आधार बन्न थालेका छन् । पूरै आयोजना सम्पन्न भए पनि राजमार्ग र सहायक सडक -फिडर रोड) ले यहाँको जनजीवन सजिलो बनाउँदै लगेको छ । आयोजनाअन्तर्गत पूर्व-पश्चिम हुलाकी राजमार्गसँगै उत्तर दक्षिणमा 'फिडर रोड' निर्माण कतिपय सम्पन्न भइसकेका छन् भने कतिपय सम्पन्न हुने चरणमा छन् ।

पूर्व-पश्चिम हुलाकी राजमार्गसँगै सहायक सडकका रुपमा रहेका १० मध्ये नौ सडक पूरा भइसकेका आयोजनाले जनाएको छ । एउटा सडक बाँकी रहेकामा दुई प्याकेजमा काम भइरहेको आयोजना प्रमुख रोहितकुमार बिसुराललले बताउनुभयो । दुई प्याकेजमध्ये पनि एउटा पूरा भएको छ भने एउटा बाँकी छ । केही समय पहिले मात्रै भारतीय दूतावासले सम्पन्न सडक सरकारलाई हस्तान्तरण गरेको थियो । उहाँले भन्नुभयो, "बाँकी सडक पनि ठेक्का भइसकेको छ ।"

फिडर सडक तराई-मधेशमा आवतजावत र ढुवानीमा कोशेढुङ्गा बन्दै गएको आयोजनाका प्रमुख बिसुराललले बताउनुभयो । तराईका कुनै पनि भाग नछुट्ने गरी बलियो सञ्जाल बनाइएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "हुलाकी राजमार्गले पूर्वी तराईले पश्चिमसँग जोड्छ भने उत्तर दक्षिणले सिङ्गो तराईलाई जोडेको छ ।"

आयोजनाअन्तर्गत उत्तर-दक्षिण सडकमध्ये मोरङमा कानेपोखरी-रङ्बेनी २५ किमी र सप्तरीमा कल्याणपुर-बसाइन २२ किमी पूरा भइसकेको छ । धनुषामा वीरेन्द्रबजार-यदुकुवा-महिनाथपुर २५ किमी लम्बाइको सडक सम्पन्न भइसकेको छ । धनुषाको १७ किमी लम्बाइको जनकपुर-यदुकुवा सडक सम्पन्न भएको छ । महोत्तरीको २७ किमीको जलेश्वर-हर्दी सडक र झण्डै २५ किमीको माइथान-गौशाला बजार-सम्सी सडक सम्पन्न भएको आयोजनाले जनाएको छ । दाङको ३३ किमी लम्बाइको लमही-कोइलाबास सडक सम्पन्न भइसकेको छ ।

बाराको तामागढी-सिमरौनगढ सडक ४० किमी सम्पन्न भइसकेको आयोजनाले जनाएको छ । बाराकै ३३ किमी लम्बाइको मानमत-कलैया-मटिअर्वा सडक निर्माण सम्पन्न भइसकेको छैन । भारतीय सहयोगमा पहिले नै निर्माण गर्ने भनिएको सडक विभिन्न समस्याका कारण अहिले भर्खरै ठेक्का भएको छ । पहिले कलैया बजारमा स्थानीयवासीले घर हटाउन नदिएकाले सडक निर्माण हुननसकेको प्रमुख बिसुराललले बताउनुभयो ।

भारतीय सहयोगमा निर्माण भएको स्थानमा मुआब्जा दिइएको भए पनि कतिपय स्थानीयवासीले मुआब्जासमेत लिन मानेका थिएनन् । उहाँले भन्नुभयो, "उनीहरुले गर्न चाहेको समयमा घर हटाउन नसकेपछि अहिले भारत सरकारले त्यो भागमा काम नगर्न चाहेको छ ।"

कलैया बजारमा झण्डै चार किमी लम्बाइमा सडक निर्माण अवरुद्ध रहेको आयोजनाले जनाएको छ । आयोजनाले कोसिस गर्दा अदालतमा मुद्दा भएकाले निर्माण अवरुद्ध भएको थियो । अहिले सरकारले लगानी गर्ने गरी ठेक्का सम्झौताका लागि सूचना निकालिएको प्रमुख बिसुराललले बताउनुभयो ।

कलैया बजार चार लेनमा निर्माण गर्न लागिएको छ । त्यस क्षेत्रमा निर्माणस्थलमा रहेका बिजुली, खानेपानी, टेलिफोनलगायतका पूर्वाधार सबै हटाइएको छ । उहाँले भन्नुभयो, "निर्माणस्थल खाली भइसकेकाले अब निर्माण अघि बढाउन सकिने देखिएको छ ।"

पर्सामा ६० किमी लम्बाइको वीरगञ्ज-ठोरी सडक पाँच किमी कालोपत्र हुन नसकेको आयोजनाले जनाएको छ । सडक अहिले ग्राभेलसम्म भएकाले स्थानीयवासीलाई आवतजावतमा सजिलो भएको छ । चितवन राष्ट्रिय निकुञ्जको अवरोधका कारण सो खण्डमा निर्माण हुन नसकेको प्रमुख बिसुराललले बताउनुभयो । जम्मा ६० किमी सडक एउटा २५ र अर्को ३० गरी दुई प्याकेजमा निर्माण अघि बढाइएको थियो । पच्चीस किमीको प्याकेज सम्पन्न भइसकेको छ भने ३० किमीमा निर्माण बाँकी छ । उहाँले भन्नुभयो, "सडक आगामी दशैँसम्ममा सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।"

राष्ट्रिय गौरवको हुलाकी राजमार्ग पहिले हुलाकी पुल आयोजनाका रुपमा थियो । पहिले भारत सरकारले सबै सडक अनुदानमा निर्माण गर्ने र पुल सरकारले बनाउने सम्झौता भएको थियो । विसं २०६५/६६ मा भएको समझदारीमा भारतीय प्राविधिक र निर्माण व्यवसायी उताबाट आएर बनाउने भन्ने योजना बनेको थियो । विभिन्न कारणले त्यो मोडालिटिमा काम गर्न नसकिएको उहाँले बताउनुभयो ।

भारतीय पक्ष बीचैमा छाडेर फर्किएपछि आव २०७३/७४ मा हुलाकी राजमार्ग आयोजना निर्देशनालय बनेको थियो । उहाँले भन्नुभयो, "त्यसपछि मात्रै फिडर रोडले गति पाएको थियो ।" त्यस बेलादेखि नै १० सडकमा ३०५ किमी पुल भारत सरकारले र बाँकी नेपाल सरकारले बनाउने सम्झौता भएको थियो । फिडर सडकमा नै ३७ पुल रहेका छन् । भारतीय पक्षले निर्माण गर्ने ३०५ किमी पुलमध्ये सबै उत्तर-दक्षिण सडकमा पर्छ भने वीरगञ्ज-ठोरी सडक हुलाकी राजमार्गकै पूर्व-पश्चिममा पर्छ ।

'फिडर सडक' ८८१ किमी लम्बाई रहेकामा २४५ किमी भारत सरकारले र बाँकी नेपाल सरकारले निर्माण गर्ने प्रमुख बिसुराललले बताउनुभयो । भारत सरकारले निर्माण सम्पन्न गरेर हस्तान्तरण गरिसकेको छ भने बाँकीमा सरकारले निर्माण गरिरहेको छ । झण्डै ६०० किमी सडक निर्माणाधीन रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "त्योमध्ये पनि झण्डै एक सय किमी ठेक्का लाग्न बाँकी छ ।"

सरकारले आव २०७३/७४ देखि निर्माणको जिम्मेवारी लिएकामा त्यसपछि फिडर सडक पहिचान गरेर ठेक्का हुँदै काम अघि बढाइएको छ । राष्ट्रिय योजना आयोगले हुलाकी राजमार्ग आयोजना आव २०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य लिएको छ । हुलाकी राजमार्गको पूर्व-पश्चिम सडक निर्माणाधीन छ भने कतिपय उत्तर-दक्षिण सडक निर्माणको क्रममा रहेका छन् । अहिलेसम्मको निर्माणको अवस्था हेर्दा निर्धारित समयमा निर्माण सम्पन्न हुने उहाँको भनाइ छ । आयोजनाको नियन्त्रण बाहिरको अवस्थामा मात्रै निर्धारित समयभन्दा ढिला हुने उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "कोभिडका कारणले गर्दा तोकिएको अवधिमा नहुन सक्ला तर हामीले गर्ने काम गरिरहेका छौँ ।" हुलाकी राजमार्गलाई तराई-मधेसको समृद्धिसँग जोडेर शुरु गरिएको हो । मधेशमा देशभरको झण्डै आधा जनसङ्ख्या बसोबास गर्ने भएकाले आयोजना सम्पन्न भएपछि त्यहाँका नागरिकको पहुँच बढ्ने अपेक्षा गरिएको छ । त्यस क्षेत्रको ब्यापार, कृषिलगायतका क्षेत्रमा राजमार्गले नयाँ सम्भावना खुल्नेछ ।

पूर्व-पश्चिम राजमार्गबाट शुरु भएर हुलाकी राजमार्गलाई पार गरी भारतीय सीमासम्म पुगाउन निर्माण गरिएको छ । राजमार्गले पूवदेखि पश्चिमसम्म पूरै तराईलाई समेटेको छ । राजमार्ग पूर्ण रुपमा सञ्चालनमा आएपछि तराई-मधेश पूर्ण रुपमा सुगम हुने प्रमुख बिसुराललले बताउनुभयो । हुलाकी राजमार्गअन्तर्गत निर्माण भइरहेको 'फिडर सडक' बाहेक अरु निकायबाट पनि उत्तर दक्षिण जोड्ने गरी सडक निर्माण गरिएको छ । सबै निर्माण सकिएपछि तराईका धेरै ठाउँसम्म सडकको सञ्जाल विस्तार हुने उहाँले बताउनुभयो ।

हुलाकी राजमार्गजस्तै 'फिडर सडक' पनि डबल लेनमा निर्माण अघि बढाइएको छ । सात मिटर कालोपत्र र दुईदेखि साढे दुई मिटर पैदलयात्रु मार्गसमेत गरी ११ देखि १२ मिटर चौडाइमा सडक निर्माण भइरहेको छ । जग्गा उपलब्ध हुँदा १२ मिटर र नहुँदा कम्तीमा ११ मिटर निर्माण गरिएको हो ।

देशभरका निर्माणाधीन धेरै राष्ट्रिय राजमार्ग जस्तै सो आयोजनामा पनि सडकको अधिकार क्षेत्र (राइट अफ वो) को समस्या रहेको छ । उत्तर-दक्षिणमा फिडर सडक १५/१५ मिटरमा चौडा गर्ने लक्ष्य लिइएको प्रमुख बिसुराललले बताउनुभयो । उहाँका अनुसार भारतीय सहयोगमा निर्माण भएका स्थानमा मुआब्जा वितरण भए पनि सरकारले निर्माण गरेका ठाउँमा स्वतस्फुत छाड्न लगाइएको छ । जग्गामा मुआब्जा नदिने हुँदा धेरै ठाउँमा जग्गाको समस्या भएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "जस्तोसुकै समस्या भए पनि स्थानीयस्तरमा समन्वय गरेर दुई लेन कायम गरिएको छ ।" फिडर सडक दुई लेनमा निर्माण गर्ने भनिए पनि आवश्यकताअनुसार कतिपय स्थानमा चार लेनसम्म निर्माण भइरहेको आयोजनाले जनाएको छ । ठूला बजारमा चार लेनमा सडक निर्माण गरिएको प्रमुख बिसुराललले बताउनुभयो । पहिले दुई लेन रहेको विराटनगर-रङ्गेली चार लेनमा विस्तार गरिएको छ ।

मोरङमै सुनसरीसम्मको सडक पनि चार लेनमा निर्माण गर्न लागिएको छ । उहाँले भन्नुभयो, "त्यहाँका चार किमी सडक बनाउन भर्खर ठेक्का गरिएको छ ।" कपिलवस्तुमा तौलिहवा पश्चिमतर्फको सडक पनि चार लेनमा निर्माण अघि बढाइएको छ । निर्माण शुरु गर्दा सानो बजार भए पनि बजार र बस्ती विकास हुने देखिएकाले यहाँ निर्माण अघि बढाइएको हो ।

## राजविराज नगरपालिका
## ३ नं. वडा कार्यालय
## वडा कार्यालय राजविराज न.पा.बाट जारि भएको सूचना

मिति : २०७८/४/१०

जिल्ला सप्तरी राजविराज नगरपालिका साविक वडा नं. ४ हाल ३ बस्ने श्रीमती शारदा देवी पोखरेलले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७८/४/१० मा द.नं. ०५ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिनहुन आउनु होला । अन्यथा कानुन बमोजिम भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

जि.स.रा.वि.न.पा. वडा न. ४ हाल ३ बस्ने बसुदेव पोखरेल

| जिल्ला | गाविस/न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | सिम्राहा सिगियौंन हाल विष्णुपुर गापा | २ क | ८९ | ०-४-१६ |
| " | " | " | ९० | १-५-४ |

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# डेढ खर्ब लगानीका उद्योग दर्ता

काठमाडौँ, १० साउन (रासस)।

नेपालमा एक वर्षका अवधिमा रु डेढ खर्ब स्वदेशी लगानीका उद्योग दर्ता भएका छन्।

आर्थिक वर्ष २०७७/७८ मा रु एक खर्ब ५६ अर्ब ६४ लाखको लगानीमा विभिन्न छ शीर्षकका २०३ उद्योग दर्ता भएका उद्योग विभागको तथ्याङ्कमा उल्लेख छ।

कृषि तथा वन पैदावारमा आधारित २१ उद्योगमा रु पाँच अर्ब ३४ करोड ८० लाख, ३० ऊर्जामूलक उद्योगमा रु एक खर्ब ९ अर्ब ९७ करोड ४० लाख र सूचना, सञ्चार तथा प्रसारण प्रविधिमा आधारित छ उद्योगमा रु ८० करोड लगानी रहेको छ।

यस्तै, पूर्वाधारका दुई उद्योगमा रु एक अर्ब ७३ करोड ८० लाख, उत्पादनमूलक ७० उद्योगमा रु १९ अर्ब ५२ करोड ४० लाख, खनिज क्षेत्रको एक उद्योगमा रु १२ करोड ३० लाख, सेवामूलक ३३ उद्योगमा रु पाँच अर्ब ६४ करोड पाँच लाख र पर्यटनसँग सम्बन्धित ४० उद्योगमा रु १३ अर्ब ४८ करोड ५ लाख लगानी छ।

**घट्यो उद्योग दर्ता**

कोरोना महामारीका कारण अघिल्लो वर्षको तुलनामा गत वर्ष उद्योगको सङ्ख्यामा कमी आएको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा लगानी रकममा केही वृद्धि भए पनि उद्योग दर्ताको सङ्ख्यामा भने कमी आएको विभागका सूचना अधिकारी ज्ञानेन्द्र पराजुलीले जानकारी दिनुभयो।

उहाँका अनुसार अघिल्लो आवमा मा रु एक खर्ब ५२ अर्ब ६२ करोडभन्दा बढीको लगानीमा २७७ वटा स्वदेशी उद्योग दर्ता भएका थिए। अघिल्लो वर्षको तुलनामा गत आवमा ७४ ले उद्योग दर्तामा कमी आएको हो।

**घट्यो विदेशी लगानी प्रतिबद्धता**

कोरोना माहामारीकै कारण अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा विदेशी लगानीको प्रतिबद्धतामा कमी आएको छ। गत आवमा लगानी रकमसँगै उद्योगको सङ्ख्यामासमेत कमी आएको हो।

अघिल्लो आवको तुलनामा गत आवमा ४० उद्योग कमी हुनाका साथै रु पाँच अर्ब ७८ करोड बराबरकको लगानी लगानी घटेको हो। अघिल्लो आवमा २२३ उद्योगका लागि रु ३७ अर्ब ८० करोड बराबरको लगानी प्रतिबद्धता आएकामा गत आवमा १८३ उद्योगका लागि रु ३२ अर्ब दुई करोड बराबरको मात्र प्रतिबद्धता आएको विभागले जनाएको छ।

**कुन उद्योगमा कति प्रतिबद्धता**

गत आर्थिक वर्षमा पर्यटन क्षेत्रमा सबैभन्दा धेरै उद्योगमा लगानीको प्रतिबद्धता आएको छ। यसक्षेत्रमा १०१ उद्योगका लागि रु १८ अर्ब ३१ करोड बराबरको प्रतिबद्धता आएको हो।

यस्तै, कृषि क्षेत्रमा तीन उद्योगका लागि रु ५२ करोड ९० लाख, ऊर्जामा चार उद्योगका लागि रु एक अर्ब ५४ करोड, सूचना प्रविधिसँग सम्बन्धित १५ उद्योगका लागि रु दुई अर्ब ९५ करोड, १९उत्पादनमूलक उद्योगका लागि रु दुई अर्ब ८६ करोड र ४१ सेवामूलक उद्योगका लागि रु पाँच अर्ब ९८ करोड बराबरको प्रतिबद्धता आएको हो।

उक्त लगानी प्रतिबद्धतासँगै पाँच हजार ८३३ जनालाई रोजगारी दिइने भएको छ।

नयाँ व्यवस्थानुसार रु पाँच करोडभन्दा कम लगानीमा नेपालमा विदेशी लगानीको उद्योग दर्ता हुँदैन। न्यूनतम रु पाँच करोडभन्दा माथि तोकिएका प्रतिबद्धता रकममा वृद्धि भएपनि उद्योगको सङ्ख्यामा भने कमी आएको विभागले जनाएको छ।

# बाटो बिराएकालाई फर्केर आउन अध्यक्ष ओलीको आग्रह

काठमाडौँ, १० साउन (रासस)।

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीमा बाटो बिराएकालाई फर्केर आउन आग्रह गर्नुभएको छ।

अखिल नेपाल महिला सङ्घ (अनेमसङ्घ) को सचिवालयको प्रथम बैठकलाई आइतबार भर्चुअल सम्बोधन गर्नुहुँदै उहाँले सो आग्रह गर्नुभएको हो। उहाँले यसअघि पनि बाटो बिराएकालाई आममाफी दिने घोषणा गर्नुभएको थियो।

"बाटो बिराएकालाई पनि फर्केर आउन आग्रह गर्छु, पार्टीको नीति र सिद्धान्तअनुसार चल्नुपर्छ", उहाँले भन्नुभयो, "पार्टीलाई स्वार्थ र विकाउमा नलगाउ, देशको सबैभन्दा बढी जनसङ्ख्या एमालेमा छन्, परिपक्क राजनीतिक पार्टी हो, यो देशको मुख फेर्ने पार्टी हो।"

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष ओलीले पार्टीलाई नमूना बनाई सुशासन र विकासका लागि काम गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "राजनीतिलाई बेठीक बाटोमा लान खोजिँदैछ, राजनीतिलाई संसद्‌बाट अलग्याउन खोजिँदैछ, राजनीतिलाई राजनीतिबाट अलग्याइँदैछ, त्यही सम्झेर मैले जनतामा जानुपर्छ भनेर निर्वाचनको घोषणा गरेको थिएँ।"

अध्यक्ष ओलीले एमाले पनि भन्न नछाड्ने, अनुचित क्रियाकलापमा सहभागी हुने क्रियाकलाप अपराध विषय भएको र यसले लोकतान्त्रिक आन्दोलनलाई असर परेको बताउनुभयो। "एकछिन आकाशमा बादल आउन सक्छ, एकछिन ओझेल पार्न सक्छ तर एकछिनपछि सूर्यले प्रकाश दिन्छ नै", उहाँले भन्नुभयो, "न्यानोपन दिन्छ नै, यसले आफ्नो सही विचार र सही मार्ग पनि हो, त्यसका लागि महिला जगत्‌ले ठूलो सहयोग जरुरी छ।"

उहाँले सामाजिक जीवनका हरेक क्षेत्रमा महिला सहभागिता वृद्धि गर्दै लैजानुपर्नेमा जोड दिनुभयो। सङ्घका संयोजक थममाया थापाले पार्टीलाई सङ्गठित भएर अगाडि बढाउनुपर्ने र यसका लागि योजनाबद्ध तरिकाले अघि बढ्नुपर्नेमा जोड दिनुभयो।




## विश्व समाचार

# भारतमा चार करोड ३३ लाखभन्दा बढी खोपबाट लाभ लिन सफल

नयाँ दिल्ली, १० साउन (रासस/एएनआई)।

भारतमा विगत २४ घण्टामा कोभिड-१९ बाट सङ्क्रमितको थप सङ्ख्या ३९ हजार ७४२ रहेको संघीय स्वास्थ्य मन्त्रालयले आइतबार जानकारी गराएको छ। यो अवधिमा कोभिड-१९ सङ्क्रमित ५३५ व्यक्तिको मृत्युभएको पुष्टि गरिएको छ। भारतमा आइतबारसम्ममा सक्रिय सङ्क्रमितको सङ्ख्या चार लाख आठ हजार २१२ रहेको छ भने अहिलेसम्म कोभिड-१९ सङ्क्रमण भई निको हुनेको सङ्ख्या तीन करोड पाँच लाख ४३ हजार १३८ पुगेको छ। अहिलेसम्म कोभिड-१९ सङ्क्रमित चार लाख २० हजार ५५१ व्यक्तिको मृत्यु भएको छ। मन्त्रालयका अनुसार भारतमा अहिले कोभिड सङ्क्रमणपछि निको हुनेको दर ९७.३६ रहेको छ भने शनिबार ३९ हजार ९७२ कोभिड-१९ सङ्क्रमित व्यक्ति निको भएको तथ्याङ्क सरकारको छ। खोप अभियान र नियन्त्रणका लागि लकडाउन तथा अन्य उपाय अवलम्बन गरेका कारण लगातार ३४ दिनसम्म सङ्क्रमण दर तीन प्रतिशतभन्दा कम रहेको छ भने अघिल्लो दिन यो दर २.३१ प्रतिशत कायम भएको छ। सरकारी अधिकारीका अनुसार भारतमा जारी राष्ट्रिय खोप अभियान अन्तर्गत अहिलेसम्म ४३ करोड ३१ लाख मात्रा खोप लगाइएको छ भने ४५ करोड ६२ लाख व्यक्तिको कोभिड-१९ परीक्षण गरिएको छ।

# अफगानिस्तानमा शान्तिका लागि नयाँ सरकार गठन हुनुपर्ने तालिबान समूहको दावी

काबुल, १० साउन (रासस/एपी)।

अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता लाने प्रक्रिया अघि बढाइएको भनी समाचार आइरहेका समयमा यहाँ द्वन्द्वरत तालिबान समूहले अफगानिस्तानको शान्तिका लागि नयाँ संयुक्त सरकार गठन आवश्यक भएको बताएको छ। अमेरिकी सेनाको आगमनसँगै करिब दुई दशकदेखि आफ्ना गतिविधिलाई आफ्नो प्रभाब क्षेत्र र ग्रामिण इलाकामा चलाउँदै आएको तालिबान समूहका एक नेताले एपीसँगको कुराकानीमा तालिवानको चाहना अफगानिस्तानको सत्तामा एकल नेतृत्व नरहेको तर वर्तमान सरकार नहटेसम्म शान्ति कायम भने नहुने बताए। शान्ति स्थापनाका लागि नयाँ सरकार गठन हनु पर्ने र राष्ट्रपति अशरफ घानीले पद छोड्नु पर्ने तालिबानले माग गरेको छ। अमेरिकी समाचार संस्था एसोसिएटेड प्रेस (एपी)सँगको अन्तर्वार्तामा तालिबानमा प्रवक्ता सुहेल शाहीनले अफगानिस्तानको भविष्यलाई लिएर तालिबानको अडान स्पष्ट पार्नुभएको हो।

तालिवानले विभिन्न देशसँग गरिरहेको वार्ताको प्रतिनिधिमण्डलका सदस्यसमेत रहेका शाहीनले एपीसँग भन्नुभयो, "वार्ताको माध्यमबाट सबै पक्षलाई स्वीकार्य हुने सरकारको वातावरण बनेको र अशरफ घानीको सरकार हटेमा मात्रै तालिबानले हतियार बिसाउने छ। तालिबानको स्पष्ट धारणा के हो भने हामी सत्तामा एकाधिकार चाहँदनौं किनकी विगतमा जतिपनि सरकारले सम्पूर्ण शक्ति आफ्नो हातमा लिने प्रयास गरे उनीहरु सबै असफल बने।" तालिबान असफल बन्न चाहन्न। सरकार र विपक्षीको मिलनविन्दु नयाँ समीकरणसहितको संयुक्त सरकार हुनसक्ने उहाँले बताउनुभयो। विगतमा तालिबान नेतृत्वको सरकारलाई पनि असफल भएको स्वीकार्दै फेरी पनि त्यहि फर्मुला दोहोऱ्याउन नचाहेको शाहीनले बताउनुभयो। राष्ट्रपति अशरफ घानीका सम्बन्धमा कुनै पनि सम्झौता नगर्ने तालिबानको धारणा रहेको छ। मङ्गलबार बकरीदको अवसरमा राष्ट्रपति घानीले आफ्नो भाषणको क्रममा तालिबानमाथि देशब्यापी आक्रमण गर्ने बताउनुभएको थियो। प्रतिउत्तरमा तालिबानले घानीलाई 'युद्धका व्यापारी'को सज्ञा दिएको थियो।

तालीबान नेता शाहिनले घानीले सन् २०१९ को निर्वाचनमा धाँधली गरी सत्तामा पुगेको दावी गर्दै जनमत अर्कैतिर रहेको दावी गर्नुभयो। देशमा शासन गर्ने अधिकार घानीले गुमाइसकेको उहाँको तर्क थियो। तत्कालिन निर्वाचनमा घानी र उहाँका प्रतिस्पर्धी अब्दुल्लाह अब्दुल्लाह दुबैले जितको दाबी गर्नुभएको थियो। पछि सत्तासमीकरण बन्दा दुईबिच सम्झौता भएको थियो। सम्झौताअनुसार अब्दुल्लाहलाई सरकारमा दोस्रो नम्बरको स्थान दिइयो र वार्ता समितिको प्रमुख बनाइएको थियो। अफगानिस्तानबाट अमेरिकी तथा नेटो सैनिकको अन्तिम समूह फिर्ता हुने क्रम जारी रहँदा तालिबानले आफ्नो पकड बिस्तार गर्दै लगेको छ। हालै अमेरिकी सैनिकका उच्च अधिकारी जनरलमार्क मिलीले रक्षा मन्त्रालय पेन्टागनमा भएको पत्रकार सम्मेलनमा तालिबानले रणनीतिक बिस्तार हाँसिल गरेको बताउनुभएको थियो।

# भारतमा वर्षापछिको बाढी पहिरोमा परी मृत्यु हुनेको सङ्ख्या १२४, उद्धारकार्य जारी

मुम्बई, १० साउन (रासस/एएफपी)।

भारतमा भारी मनसून वर्षाको कारण उत्पन्न बाढी र पहिरोबाट मृत्यु हुनेको सङ्ख्या आइतबार १२४ पुगेको छ भारतीय अधिकारीले पुष्टि गरेका छन्। अरु दर्जनौं हराइरहेकाको खोजीका लागि उद्धारकर्मी जुटिरहेको बताइएको छ। भारतको पश्चिमी क्षेत्रमा बिहीबारदेखि मुसलधारे वर्षा भएको छ। भारतीय मौसम विज्ञान विभागले आउँदो केही दिनमा थप वर्षा हुने भन्दै सावधानी अपनाउन आग्रह गरेको छ। महराष्ट्र राज्यमा बिहीबार मुम्बईको दक्षिणमा रहेको ताल्यको पहाडी गाउँमा ठूलो पहिरोमा परी ४० जनाको मृत्युसहित राज्यभर ज्यान गुमाउनेको सङ्ख्या ११४ पुगेको छ। पहिरोमा दर्जनभन्दा बढी घर परेका थिए भने पहिरोमा परी कम्तीमा ९९ जना हराइरहेको बताइएको छ। चिप्लुनका केही भागमा बिहीबार निरन्तर २४ घण्टाको वर्षापछि पानीको तह २० फिट (छ मिटर)सम्म पुगेको र सडक तथा घर डुबाएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। वर्षापछिको डुबानका कारण बिद्युत् आपूर्ति अवरूद्ध हुँदा कोभिड-१९ को उपचारगराइरहेका एक अस्पतालका आठ बिरामीको मृत्यु भएको थियो। उनीहरूको उपचारमा भेन्टिलेटर प्रयोग भएको तर बिद्युत् आपूर्ति काटिनासाथ उनीहरूको मृत्यु भएको हो।

# निगमको एक उडान शवका लागि

काठमाडौँ, १० साउन (रासस)।

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को वाइडबडी ए ३३० जहाजले मलेसियाको राजधानी क्वालालम्पुरबाट हरेक महिनाको एक उडानबाट नेपाली नागरिकको शव ल्याइरहेको छ।

वैदेशिक रोजगारीका सिलसिलामा विभिन्न कारणले मलेशियामा ज्यान गुमाएका नेपालीको शव ल्याउन त्यहाँस्थित नेपाली राजदूतावासको आग्रहमा महिनामा एक उडानबाट शव ल्याउन निगमको जहाज प्रयोग हुँदै आएको हो।त्यसका लागि कार्गो उडान जटिल र संवेदनशील हुने भएकाले निजी क्षेत्रका अन्तरराष्ट्रिय वायुसेवा कम्पनीले शव ल्याउन आनाकानी गर्ने गर्छन्। राष्ट्रिय ध्वजाबाहक भएकाले सामाजिक उत्तरदायित्वअन्तर्गत यसअघि पनि मलेसियालगायत अन्य गन्तव्य मुलुकबाट निगमले नेपालीको शव ल्याएको थियो।

निगमका एक उच्च अधिकारीका अनुसार हरेक महिनाको कम्तीमा एक उडानबाट शव ल्याउन त्यहाँस्थित नेपाली दूतावासले पत्राचार गर्दै आएको छ। निगमले सबैभन्दा बढी मलेसियाबाट र अन्य खाडी मुलुकबाट पनि शव ल्याएको थियो। वैदेशिक रोजगारीका लागि आकर्षक गन्तव्य मानिएको मलेसियामा हाल साढे तीन लाख नेपाली श्रमिक रहेको बताइन्छ।

निगमको जहाजले गत शनिबार एकै उडानमार्फत २४ शव र तीन अस्तु नेपाल ल्याएको थियो भने गत २०७७ माघ १० मा एकैपटक १८ शव ल्याइएको थियो। कोभिड-१९ महामारी नियन्त्रणका लागि नेपालमा जारी निषेधाज्ञाका बेला निगमले हरेक महिना शव ल्याइरहेको छ।

वैदेशिक रोजगारीको सिलसिलामा मलेशियामा रहेका नेपालीको मृत्यु भएपछि त्यहाँ शव अलपत्र अवस्थामा थियो।

निगमको क्वालालम्पुरमा न्यारोबडी जहाजले नियमित उडान गर्दै आएकामा नेपाली कामदारको शव लिनाकै लागि वाइडबडी जहाज प्रयोग गर्ने गरिएको हो। निगमले दुई थान न्यारोबडी जहाज ए ३२० र दुई थान वाइडबडी ए ३३० जहाजमार्फत भारतका तीनसहित सात देशका नौ गन्तव्यमा अन्तरराष्ट्रिय उडान भर्दै आएको छ।


जनस्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गरौं

- अत्यावश्यक काम बाहेक अन्तर्राष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र, अन्तरजिल्ला र जिल्ला भित्रका कोभिड -१९ संक्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवातजावत नगरौं।
- अत्यावश्यकीय कामका लागि त्यस्ता क्षेत्रहरुमा आवतजावत गर्दा अनिवार्य रुपमा मास्क लगाऔं।
- अनावश्यक भिडभाड नगरौं, भौतिक दूरी कायम गरौं।
- कोभिड-१९ रोकथामको लागि सरकारले जारी गरेको स्वास्थ्य मापदण्ड पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## सप्तरीमा ४० ...

योसँगै नेपालमा कोरोना भाइरस संक्रमितको कुल संख्या ७ लाख ३४ हजार ७९९ पुगेको छ। पछिल्लो २४ घण्टामा कोरोना संक्रमणबाट १८ जनाको मृत्यु भएको छ भने २ हजार ५० जना निको भएका छन्।

# सिटी स्क्यान मेशिन पुनः संचालनमा



**दैनिक समाचारदाता राजविराज, १० साउन।**

पानी जमेको कारण देखाउँदै केही दिनदेखी बन्द रहेको राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालको सिटी स्क्यान सेवा पुनः संचालनमा आएको छ।

सिटि स्क्यान मेशिन रहेको कोठामा पानी चुहिएर मेशिन बिग्रन गएपछि मर्मत सम्भार पश्चात् आइतबारदेखी पुनः संचालनमा आएको अस्पतालका प्रमुख डा. रन्जित झाले जानकारी दिएका छन्।

गत मंसिर २५ गते सो सेवा अस्पतालले संचालनमा ल्याएको थियो। जसकारण यस सेवाका लागि बिरामीलाई अन्यत्र जानु परेको थिएन्।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

महत्वपूर्ण सवाल :

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु


कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



भिडभाड हुने स्थान
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

भौतिक दूरी कम हुने स्थान
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

भेन्टिलेशन नभएको
वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु

- भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दूरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
- सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं
- पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं
- हात सँधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
- भौतिक दूरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं

साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं

साभार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np